
# रामुको किनमेल



बिक्रीका लागि होइन ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र



# रामुको किनमेल

बिक्रीका लागि होइन

यो सन्दर्भ सामग्री
पुस्तकालय प्रयोजनका लागि हो ।
बिक्री गर्न पाइने छैन ।

लेखन
सूर्य बी.सी.

चित्राङ्कन
युवक श्रेष्ठ

सम्पादन
शाश्वत पराजुली

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

बिक्रीका लागि होइन ।

प्रकाशक : नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© प्रकाशकमा

परिमार्जित संस्करण : २०७६

---

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) को सहयोगमा यो सन्दर्भ सामग्री प्रकाशन भएको हो । यसमा समाविष्ट सामग्रीको जिम्मेवारी प्रकाशकमा निहित छ । यसमा रहेका सामग्रीले युएसएआइडी र अमेरिकी सरकारको अवधारणालाई प्रतिनिधित्व गर्दैनन् ।

# हाम्रो भनाइ

बालबालिकाको पठन सिप बढाउन, मनोरञ्जन प्रदान गर्न, मानसिक र बौद्धिक विकासका लागि सिकाइसम्बद्ध सन्दर्भ सामग्रीहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । सन्दर्भ सामग्रीले बालबालिकालाई अध्ययनशील बनाउनका साथै पढाइ सिप विकास गरी पाठ्यपुस्तकमा भएका विषयवस्तु ग्रहण गर्नसमेत मदत गर्छ ।

पाठ्यक्रम विकास केन्द्रद्वारा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वयन गर्ने क्रममा रुम टु रिडले तयार गरेको यो सन्दर्भ सामग्रीलाई अद्यावधिक गरी युएसएआइडीको आर्थिक सहयोगमा प्रकाशनमा ल्याइएको हो । प्रस्तुत सन्दर्भ सामग्री कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरूका लागि उपयोगी हुने गरी विकास गरिएको छ तापनि आवश्यकतानुसार जुनसुकै कक्षामा पनि प्रयोग गर्न सकिने छ ।

बिक्रीका लागि होइन

प्रस्तुत सामग्री शिक्षकहरूले सबै बालबालिकाहरूलाई पढ्ने मौका दिई आपसमा छलफलसमेत गराई उनीहरूको पठन सिप विकासमा सहयोग गर्नुहुने छ भन्ने अपेक्षा गरिएको छ । अन्त्यमा यस सामग्रीका सम्बन्धमा प्राप्त हुने सुझाव एवम् प्रतिक्रियाका लागि पाठ्यक्रम विकास केन्द्र सदैव स्वागत गर्दछ ।

वि.सं. २०७६ पाठ्यक्रम विकास केन्द्र



बिक्रीका लागि होइन

बा खाना पकाउँदै हुनुहुन्थ्यो । उहाँले भन्नुभयो– “रामु, तिमी पसल जानुपर्ने भयो । कहाँ छौ ?”



बिक्रीका लागि होइन

रामु दौडँदै भान्सामा पुग्यो। ऊ पहिलो पटक एक्लै पसल जान तयार भयो।

"साहुजी, एक लिटर चिनी दिनुहोस् न ?", रामुले भन्यो ।



साहुजीले हाँस्दै भने, “चिनी त किलोमा हुन्छ बाबु, लिटरमा होइन ।”





चिनी बोकेर ऊ अर्को पसलमा गयो ।

"साहुजी, एक किलो तेल दिनुस् न ?", ती साहुजी पनि त्यसै गरी हाँसे ।

"तेल किलोमा होइन बाबु, लिटरमा पो नापिन्छ त।" रामुले एक लिटर तेल किन्यो। ऊ त्यहाँबाट कपडा पसलतिर हिँड्यो।



"साहुजी, एक लिटर रातो कपडा दिनुहोस् न ?"



"एक लिटर कपडा ! कपडा लिटरमा होइन, मिटरमा मात्र पाइन्छ बाबु ।"




कपडा किनेर रामु फलफूल पसलमा पुग्यो ।
"साहुजी, एक मिटर केरा दिनुस् न ?"



“हुँ, एक मिटर केरा ! मिटर होइन, दर्जन चाहिँ होला ।”



चिनी, तेल, कपडा र केरा लिएर रामु घरतिर हिँड्यो ।




बिक्रीका


बाटामा उसले सोच्यो,





‘तेल लिटरमा,

कपडा मिटरमा,



अनि केरा चाहिँ
दर्जनमा ।’

बिक्रीका लागि होइन



चिनी किलोमा,

त्यसपछि ऊ दङ्ग पऱ्यो ।

"सामान ल्यायौ त ?", बाले सोध्नुभयो ।
"सामान पनि ल्याएँ । नयाँ कुरा पनि सिकेँ ।"



बिक्रीका लागि होइन

बिक्रीका लागि होइन ।

बिक्रीका लागि होइन ।